**भारतीय राजदूतावास**

**काठमाडौं**

**प्रेस विज्ञप्ति**

## ‘सगरमाथा सम्वाद’ को आयोजनालाई सहज बनाउन भारत सरकारद्वारा नेपाल सरकारलाई १५ वटा विद्युतीय सवारी साधन उपहारस्वरुप प्रदान

मित्रता र सद्भावनाको एक महत्वपूर्ण सङकेतको रुपमा नेपालका लागि भारतीय राजदूत श्री नवीन श्रीवास्तवले आज नेपाल सरकारका माननीय परराष्ट्रमन्त्री डा. आरजु राणा देउवालाई १५ वटा विद्युतीय सवारी साधन हस्तान्तरण गर्नुभयो । ‘जलवायु परिवर्तन, हिमाल र मानवताको भविष्य’ भन्ने विषयमा यही जेठ २-४ गतेसम्म काठमाडौंमा हुन लागेको ‘सगरमाथा सम्वाद’ को पहिलो संस्करणको प्रभावकारी आयोजनालाई सहजीकरण गर्न नेपाल सरकारलाई लजिस्टिक सहयोगको लागि भारतको तर्फबाट उपहारस्वरुप यी सवारी साधन प्रदान गरिएको हो ।

२. नेपाल सरकारको आग्रहमा हस्तान्तरण गरिएका यी सवारी साधनहरु सम्वाद सञ्चालनका लागि लजिस्टिक व्यवस्थालाई थप बढाउन उपयोगी साबित हुनेछन् ।

३. हस्तान्तरण समारोहमा बोल्दै राजदूतले यी सवारी साधनहरुले सम्वादको समयमा अतिथि र अधिकारीहरुको आवागमनलाई सहज बनाउन मद्दत गर्ने कुरा उल्लेख गर्नुभयो । वहाँले सन् २०२२ मा संघीय र प्रदेश सभा निर्वाचन सञ्चालनका लागि भारत सरकारले कानून कार्यान्वयन गर्ने निकायहरु र नेपाल निर्वाचन आयोगलाई प्रदान गरेको यस्तै लजिस्टिक सहयोगको स्मरण गर्नुभयो । वहाँले सम्वादका लागि नेपाल सरकार र जनतालाई शुभकामना व्यक्त गर्नुभयो र पारस्परिक प्रगति र विकासलाई प्रवर्द्धन गर्न नेपालसँग साझेदारी गर्ने भारतको निरन्तर प्रतिबद्धतामाथि जोड दिनुभयो ।

४. नेपाल सरकारको तर्फबाट सवारी साधनहरु ग्रहण गर्दै माननीय परराष्ट्रमन्त्रीले सम्वादको आयोजनालाई सहजीकरण गर्न भारतले गरेको सहयोगप्रति कृतज्ञता व्यक्त गर्नुभयो । वहाँले भारतको भूमिकालाई नेपालको सबैभन्दा पुरानो र सबैभन्दा ठूलो विकास साझेदारहरुमध्ये एकको रुपमा स्वीकार गर्नुभयो ।

५. भारत र नेपालबीच बहुआयामिक र बहुक्षेत्रीय विकास साझेदारी रहेको छ जसले दुवै देशका जनताबीचको निकटतालाई प्रतिबिम्बित गर्छ । यस्ता लजिस्टिक व्यवस्थाको विस्तारले जनता-जनताबीचको सम्बन्धको विस्तारमा योगदान पुर्‍याउन भारत सरकारले गरेको निरन्तर सहयोगलाई प्रतिबिम्बित गर्दछ ।

काठमाडौं

२०८२ वैशाख २८